# स्थानीय राजपत्र

यशोधरा गाउँपालिका द्वारा प्रकाशित

खण्डः ९) संख्याः १ मिति : साउन २६ गते २०८३

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## यशोधरा गाउँपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०३/३२**

## प्रस्तावनाः

यशोधरा गाउँपालिकाले व्यापार र उद्योग व्यवसाय गर्ने प्राइभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी गाउँपालिकाको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेशको प्राइभेट फर्म दर्ता ऐन र प्राइभेट फर्म दर्ता नियमावली, २०७६ को अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "यशोधरा गाउँपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि यशोधरा गाउँपालिकाभित्र लागु हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका" भन्नाले यशोधरा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "गाउँसभा" भन्नाले यशोधरा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले यशोधरा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "ऐन" भन्नाले "लुम्बिनी प्रदेश सरकारद्वारा जारी प्राइभेट फर्म दर्ता ऐन, २०७६" सम्झनु पर्दछ ।

(छ) "नियमावली" भन्नाले "लुम्बिनी प्रदेश सरकारद्वारा जारी प्राइभेट फर्म दर्ता नियमावली, २०७६" सम्झनु पर्दछ ।

(ज) "कार्यविधि" भन्नाले "यशोधरा गाउँपालिका प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०७७" सम्झनु पर्दछ ।

(झ) "प्राइभेट फर्म" भन्नाले कुनै एक व्यक्ति वा सो भन्दा बढी आपसमा मिली उद्योग, व्यापार वा व्यवसाय सञ्चालन गर्न स्थापना गरेको प्राईभेट फर्मलाई सम्झनु पर्दछ ।

(ञ) "कार्यालय" भन्नाले यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) "अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो कार्यविधि वा प्रचलित ऐन नियममा व्यवस्था भएको वा तोकिएको सम्झनु पर्दछ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यशोधरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## ३. दर्ता नगरी प्राइभेट फर्म खोल्न नहुनेः-

यो कार्यविधि प्रारम्भ भएपछि यो कार्यविधि बमोजिम दर्ता नगराई कसैले पनि प्राइभेट फर्म खोल्न पाइने छैन ।

## ४. प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्नेः-

(१) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले गाउँपालिकामा नियमानुसार दरखास्त दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले आफ्नो फर्म दर्ता गर्न दरखास्त दिँदा देहाय बमोजिमको विवरण र कागजात पेश गर्नुपर्नेछः

➢**उद्योग दर्ताको हकमाः-**

(क) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा ।

(ख) फर्मको नाम, ठेगाना, सम्पर्क नं., उद्देश्य तथा त्यसले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण र फर्म धनीको तीन पुस्ते विवरण खुल्ने गरी सम्बन्धित वडाको सिफारिस ।

(ग) जग्गा धनी प्रमाण पूजाको प्रतिलिपि ।

(घ) नेपाली नागरिकताको प्रतिलिपि ।

(ङ) सरजमिन मुचुल्का ।

(च) जग्गा भाडामा लिएको भए भाडा सम्झौता, जग्गा धनीको नागरिकताको प्रतिलिपि ।

(छ) फर्निचर उद्योग भए वन कार्यालयको दूरी खुलेको पत्र; १८ इन्चसम्मको आराको लागि दूरी बाटोबाट ५०० मिटर, ३५ इन्चसम्मको आराको लागि न्यूनतम दूरी बाटोबाट १ कि.मि. हुनु पर्नेछ । यदि मेसिनमा रू ५० हजारभन्दा कम लगानी हुने भएमा दूरी माग गर्नु नपर्ने ।

(ज) खाद्य उद्योगसँग सम्बन्धित उद्योग भए खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाको अनुमति पत्र ।

(झ) फर्म धनीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

➢**वाणिज्य दर्ताको हकमाः-**

(क) निर्धारित ढाँचाको दरखास्त फाराम ।

(ख) वडा कार्यालयको सिफारिस पत्र ।

(ग) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि/जग्गाधनीको व्यवसाय संचालनको अनुमति ।

(घ) नेपाली नागरिकताको प्रतिलिपि ।

(ङ) फर्म धनीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

(च) मनी चेन्जर (वित्तीय कारोबार) व्यवसाय दर्ताको लागि नेपाल राष्ट्र बैंकको स्वीकृत पत्र ।

(छ) औषधी व्यवसाय दर्ताको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

(ज) विषादीजन्य व्यवसाय दर्ताको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्र ।

(३) दफा ४ को उपदफा १ र २ बमोजिम कसैको दरखास्त परेपछि गाउँपालिकाले ७ (सात) दिनभित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिब देखेमा तोकिए बमोजिमको दर्ता किताबमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाण पत्र दरखास्तवालालाई प्रदान गर्नेछ ।

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन। तर सोही उद्देश्यको लागि वाणिज्य सम्बन्धी प्राइभेट फर्मको शाखा खोली सञ्चालन गर्न पाईनेछ।

(५) उपदफा १ र २ बमोजिम दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा गाउँपालिकाले ७ (सात) दिनभित्र सो को कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

## ५. फर्म दर्ता दस्तुरः-

(१) फर्म दर्ता गर्दा लाग्ने दस्तुर गाउँसभाले पारित गरेको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

## ६. प्राइभेट फर्मको दर्ताः-

(१) दफा ४ बमोजिम प्राइभेट फर्म दर्ता गर्न दरखास्त परेपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी प्राइभेट फर्म दर्ता गर्न

मनासिब देखेमा अनुसूची-२ बमोजिमको ढाँचाको दर्ता किताबमा फर्म दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र दरखास्तवालालाई दिनुपर्नेछ।

(२) गाउँपालिकाले निश्चित हदसम्म पूँजी भएको फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अद्यावधिक गर्ने र खारेज गर्ने लगायतका अधिकार आफू मातहतको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) यस अघि घरेलु तथा साना उद्योग कार्यालय वा अन्य निकायमा दर्ता भई यस गाउँपालिकामा अभिलेखीकरणका लागि आएका सम्पूर्ण फर्महरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ।

## ७. प्राइभेट फर्मको अद्यावधिक र नवीकरणः-

(१) यस कार्यविधि बमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि १ आर्थिक वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नवीकरण गर्नुपर्नेछ।

(२) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको सञ्चालकले अवधि समाप्त भएको मितिले ३ महिनाभित्र देहाय बमोजिमको कागजात संलग्न गरी गाउँपालिकामा अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछः

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा गाउँपालिकाले दफा (५) को उपदफा (१) बमोजिम दर्ता भएका फर्मलाई गाउँसभाले पारित गरेको आर्थिक ऐनमा तोके बमोजिमको दस्तुर लाग्नेछ।

(४) जरिबाना देहाय अनुसार हुनेछः

क. कार्तिक १ गतेदेखि पौष मसान्तसम्म नवीकरण गर्दा २५ प्रतिशत थप जरिबाना लाग्नेछ ।

ख. माघ १ गतेदेखि चैत्र मसान्त सम्म नवीकरण गर्दा ५० प्रतिशत थप जरिबाना लाग्नेछ ।

ग. वैशाख १ देखि असार मसान्त सम्मको लागि ७५ प्रतिशत थप जरिबाना लाग्नेछ ।

घ. अर्को आर्थिक वर्षमा नवीकरण गरेमा नवीकरण नगरेको प्रत्येक आर्थिक वर्षको लागि १०० प्रतिशत थप जरिबाना लाग्नेछ ।

## ८. प्राइभेट फर्मको नामसारी, ठाउँसारी, कारोबार थप, पूँजी परिवर्तन र खारेजी सम्बन्धी व्यवस्थाहरुः-

(१) एक व्यक्तिको नाममा दर्ता गरेको फर्म अर्को व्यक्तिको नाममा नामसारी वा स्वामित्व परिवर्तन गर्न चाहेमा नामसारी दस्तुर स्वरुप दफा ५ को उपदफा १ बमोजिम पूँजी अनुसार नयाँ दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ। नामसारीका लागि निम्न लिखित कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछ ।

क. नामसारी गरी लिन चाहने व्यक्तिको निवेदन,

ख. नामसारी गरी लिन चाहने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ग. साविकवालाले गरी दिएको नामसारी पत्र,

घ. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(२) कुनै एक ठाउँमा सञ्चालित फर्म अन्यत्र स्थानान्तरण गर्नुपरेमा ठाउँसारी दस्तुर स्वरुप दफा ५ को उपदफा १ बमोजिम पूँजी अनुसार नयाँ दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ । ठाउँसारी गर्दा निम्न लिखित कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

क. ठाउँसारीको कारण खुलेको निवेदन,

ख. अर्को स्थानीय तहमा ठाउँसारी गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको सहमती पत्र,

ग. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(३) प्राइभेट फर्म सम्बन्धी अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछ-

क. कारोबार थप गर्दा गाउँपालिकाको आर्थिक ऐन बमोजिम निवेदन दस्तुर लाग्नेछ ।

ख. फर्मको पूँजी परिवर्तन गर्दा आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर बुझाउनुपर्नेछ ।

ग. पूँजी घटाउँदा पहिला बुझाएको दस्तुर फिर्ता हुनेछैन ।

घ. फर्म खारेजी गर्दा गाउँपालिकाको आर्थिक ऐन बमोजिम दस्तुर लाग्नेछ ।

## ९. प्राइभेट फर्मको पूँजीः-

(१) ऐनको दफा ६ को प्रयोजनको लागि ऐन, नियमावली र यस कार्यविधिको अधिनमा रही रू. दस  लाख सम्म पूँजी भएको प्राइभेट फर्म गाउँपालिकामा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको प्राइभेट फर्मको सम्बन्धमा यस कार्यविधिका व्यवस्थाहरू गाउँपालिकाको निर्णय अनुसार आवश्यक हेरफेर गर्न सकिनेछ ।

**१०. अन्य शर्तहरूः**प्रचलित कानूनमा तोकिएका अतिरिक्त फर्मले देहाय बमोजिमका शर्तहरू पालना गर्नुपर्नेछः

१. फर्मको पुनरुत्थान, आधुनिकीकरण वा विस्तार गर्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

२. फर्मबाट निस्कने फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ ।

३. प्रदूषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधि अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

४. पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा फर्मले नाम संशोधन गर्नुपर्नेछ। प्रयोगमा आइसकेको ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नुपर्नेछ ।

५. फर्ममा कार्यरत श्रमिकलाई प्रचलित कानून बमोजिम पारिश्रमिक दिनुपर्नेछ। बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउन पाईनेछैन।

६. कार्यस्थलमा हुने लैंगिक हिंसा विरूद्धको आचार संहिता, २०७६ पालना गर्नुपर्नेछ ।

७. फर्म दर्ता भएपछि त्यस्तो फर्म धनीको नाम, फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट उल्लेख भएको साइन बोर्ड राख्नुपर्नेछ ।

## ११. विवरण हेरफेर सम्बन्धी जानकारीः-

(१) कुनै प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म दर्ता गराउँदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नुपर्ने विवरणहरू खुलाई सोको लिखित जानकारी गाउँपालिकामा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्बन्धमा जाँचबुझ गरी गाउँपालिकाले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिनभित्र स्वीकृत दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको संशोधनको जानकारी सम्बन्धित निकायले सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समेत दिनुपर्नेछ ।

## १२. प्रतिलिपि लिन सकिनेः-

(१) यस कार्यविधि बमोजिम प्रदान गरिएको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले फर्म दर्ता गरेको निकायमा प्रतिलिपि लिनका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखिएमा दर्ता गरेको गाउँपालिकाले तोकेको प्रतिलिपि दस्तुर लिई निवेदकलाई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

## १३. विवरण उपलब्ध गराउनुपर्नेः-

(१) ऐनको दफा १० को उपदफा (१) बमोजिम कुनै प्राइभेट फर्महरुको विवरण गाउँपालिकाले मागेमा त्यस्तो फर्मको धनीले सात दिनभित्र त्यस्तो विवरण उपलब्ध गराउनुपर्नेछ र कुनै कारणबस सो समयभित्र विवरण उपलब्ध गराउन नसकिने भएमा सोको जानकारी गाउँपालिकालाई लिखित रूपमा गराई समय माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी विवरण माग गर्नेलाई गाउँपालिकाले त्यस्तो विवरण पेश गर्न बढीमा पन्ध्र दिनसम्म समय थप गर्न सक्नेछ ।

## १४. खारेजीको लागि निवेदन दिनुपर्नेः-

(१) ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम फर्म धनीले मनासिब कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) खारेजीका लागि सक्कल नागरिकता सहित स्वयं फर्म धनी उपस्थित भई दरखास्त दिनुपर्नेछ । स्वयं फर्म धनी उपस्थित हुन नसक्ने अवस्थामा निजको नजिकको हकवालालाई प्रोपराइटरको मन्जुरीनामा, नाता प्रमाणित प्रमाणपत्र तथा आवश्यक कागजात सहित उपस्थित भएमा प्राईभेट फर्म खारेजी गरी दिन सकिनेछ । प्राईभेट फर्म खारेजीका लागि आवश्यक अन्य कागजातहरु-

- अनुसूची ५ बमोजिमको ढाँचामा निवेदन,
- फर्म दर्ताको सक्कल प्रमाण पत्र,
- स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आ.व. को कर तिरेको निस्सा,

(३) उपदफा (१) बमोजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्बन्धित निकायले खारेज गर्नु अघि सम्मको सम्पूर्ण बाँकी बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने दस्तुर तथा जरिबाना समेत निजबाट असूल गरी प्राइभेट फर्म खारेज गरी दर्ता किताबबाट बगत कट्टा गर्नुपर्नेछ।

## १५. अनुगमन सम्बन्धी व्यवस्थाः-

गाउँपालिकाले समय-समयमा ऐन, नियमावली र यस कार्यविधि बमोजिम दर्ता एवं सञ्चालन भएका प्राइभेट फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

## १६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः-

गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

## १७. कार्यविधिको व्यवस्था लागु हुनेः-

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ भएपछि प्राइभेट फर्मको दर्ता र नवीकरण दस्तुरका सम्बन्धमा यस कार्यविधिको व्यवस्था लागु हुनेछ ।

## १८. विविधः-

यो कार्यविधि कार्यान्वयनका क्रममा थप व्यवस्था गर्नुपरेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

## १९. कार्यविधि संशोधन सम्बन्धमाः-

यस कार्यविधिमा केही परिमार्जन गर्न आवश्यक देखिएमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

## २०. खारेजी र बचाउ :-

यो कार्यविधि पारित हुनुभन्दा अगाडि दर्ता भएका फर्महरु पनि यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ।

# अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## प्राइभेट फर्म दर्ता सम्बन्धी दरखास्त

मिति : २०....../....../......

**विषयः प्राइभेट फर्म दर्ता गरी दिनुहुन ।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु।
महोदय,

प्रस्तुत विषयमा निम्न बमोजिम उद्योग/व्यापार व्यवसाय गर्न तपसिलमा उल्लेख भएको नामको प्राइभेट फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु। लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझांउला ।

<u>**तपसिल**</u>

१. फर्मको पूरा नामः-

२. फर्मको पूरा ठेगानाः-

३. फर्मको उद्देश्यः-

४. फर्मको पूँजीः-

५. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः-

६. प्राइभेट फर्मको धनीको नाम र थरः-

७. हस्ताक्षरः

| दायाँ | बायाँ |
|---|---|
| | |

इति सम्वत्

२०.........साल..........महिना...........गते..........रोज शुभम

# अनुसूची - २

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## प्राइभेट फर्मको दर्ता किताब

| दर्ता नं. | फर्म दर्ता मिति | फर्मको नाम र ठेगाना | फर्मको उद्देश्य | फर्मको पूँजी | सञ्चालकको नाम/थर | सञ्चालकको स्थायी ठेगाना | स्थायी लेखा नं. | सञ्चालकको सम्पर्क नं | सञ्चालकको फोटो | सञ्चालकको दस्तखत/ औंठाछाप | प्रमाणित गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**अनुसूची - ३**

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**यशोधरा गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

(लुम्बिनी प्रदेश, नेपाल)

बैदौली, कपिलवस्तु

| फोटो |
|---|

दर्ता नः

दर्ता मिति:

# <u>प्राईभेट फर्म दर्ता प्रमाण पत्र</u>

निम्नानुसारको विवरण भएको .................................................. फर्मलाई मिति २०....... साल........महिना ........ गते ...... उद्योग/वाणिज्य सम्बन्धी कार्य सञ्चालन गर्नको लागि लुम्बिनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन र नियमावली, २०७६ तथा यशोधरा गाउँपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०८३ को दफा ६ बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

**<u>विवरण</u>**

प्रोपराइटरको नाम/थर..............................................................

ठेगानाः.....................................................................

नागरिकता नं....................................

फर्मको ठेगानाः......................................................

पूँजीः रू. .........................

उद्देश्यः....................................................................

......................................

(प्रमाणित गर्ने अधिकृत)

**शर्तहरु पालना गर्ने:**

१. यो प्रमाणपत्रको म्याद फर्म दर्ता गरिएको मितिले १ आर्थिक वर्षको रहने छ र चालु आ.व. समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य नवीकरण गराइ सक्नु पर्नेछ ।

२. तोकिएको समयभित्र नवीकरण नगराएमा यशोधरा गाउँपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यविधि, २०८३ बमोजिम दस्तुर लिई नवीकरण गर्न सकिने छ ।

३. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको बखत उपलब्ध गराउनु पर्ने छ ।

४. फर्म दर्ता गर्दा किटान गरिएकै स्थानमा उद्योग व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

५. फर्म दर्ता गर्दा किटान गरिएको उद्देश्य विपरित काम गर्न पाइने छैन ।

६. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नुपर्ने छ ।

**नवीकरण सम्बन्धी विवरण**

| नवीकरण मिति | असुली आ.व | रसिद नं | प्रमाण पत्रको मान्य अवधि | नवीकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|---|
| | | | | दस्तखत | गाउँपालिकाको छाप |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| नवीकरण मिति | असुली आ.व | रसिद नं | प्रमाण पत्रको मान्य अवधि | नवीकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|---|
| | | | | दस्तखत | गाउँपालिकाको छाप |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची - ४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## प्राइभेट फर्म नवीकरण र अद्यावधिक सम्बन्धी दरखास्त

मिति : २०....../....../......

विषयः प्राइभेट फर्म नवीकरण र अद्यावधिक गरी दिनुहुन ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु ।

महोदय,

प्रस्तुत विषयमा तपसिल बमोजिमको विवरण भएको प्राइभेट फर्म नवीकरण गरी अद्यावधिक गरी दिनुहुन अनुरोध गर्दछु। नवीकरणका लागि आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न छ ।

**<u>तपसिल</u>**

१. फर्मको पूरा नामः-

२. फर्मको पूरा ठेगानाः-

३. फर्मको उद्‌देश्यः-

४. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः-

५. बाजे/बज्यैको नाम/थरः-

६. बाबुको नाम/थरः-

७. आमाको नाम/थरः-

८. सम्पर्क नं.:-

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदकः**

प्राइभेट फर्म धनीको

नाम/थर.........................

दस्तखतः..................

ठेगानाः....................

# अनुसूची - ५

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## प्राइभेट फर्म खारेज सम्बन्धी निवेदन

मिति : २०....../....../......

विषयः प्राइभेट फर्म खारेज गरी दिनुहुन।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु।

महोदय,

प्रस्तुत विषयमा मेरो नाममा रहेको ....................दर्ता नं......भएको .......................................... नामको प्राइभेट फर्म ............ ...................... ......कारणले गर्दा अबदेखि सञ्चालन गर्न असमर्थ भएकोले दर्ता खारेज गरी दिनुहुन अनुरोध गर्दछु।

निवेदकः

फर्म धनीको

नाम/थर..........................दस्तखतः..................

ठेगानाः.....................

आज्ञाले

**बलिराम यादव**

प्रमुख प्रशासकीय अधिकृत